# कक्षा अवलोकन तथा अनुगमन भ्रमण, २०६७

## प्रतिवेदन

- स्थानः काभ्रेपलाञ्चोक जिल्लामा कार्यक्रम लागु भएका श्री नविन प्राथमिक बिद्यालय खनालथोक , श्री विनायक वाल निम्नमाध्यमिक विद्यालय वडालगाउँ र श्री जनज्योती माध्यमिक विद्यालय जनागल
- अवधिः मंसिर १२ देखि १५ गते सम्म (नोवेम्वर २८ देखि डिसेम्बर १, २०१० सम्म (४ दिन)
- कार्यक्रममा सहभागिहरूः
  - साझा शिक्षा ई-पाटीवाट टीकाराज कार्की , सुनिल पोखरेल , राम सिं , सुनिल श्रेष्ठ, वसन्त श्रेष्ठ र दयाराम वुढाथोकि
  - शैक्षिक जनशक्ति विकास केन्द्रवाट रामचन्द्र पौडेल र शुकदेव सापकोटा
  - जिल्ला शिक्षा कार्यालय काभ्रेवाट भरत त्रिपाठी
- भ्रमणको उद्देश्य

१. विद्यालय स्तरमा हालसम्म कार्यक्रमको अवस्थावारे अनुगमन गर्नु ।

२. कक्षा अवलोकन मार्फत एकीकृत शिक्षणको क्रममा शिक्षकहरूमा देखिएका कठिनाइहरू पत्ता लगाइ सामुहिक छलफल र अन्तर्क्रियाको माध्यमवाट पृष्ठपोषण दिनु ।

३. नियमित अनुभव आदानप्रदान र ई-पाठ अपडेट लगायत प्राविधिक विषयमा जानकारी दिनु ।

## अवलोकन गरिएका विद्यालयहरू र प्राप्त विवरण

### श्री नविन प्राथमिक विद्यालय खनालथोक

अवधिः कार्तिक १२ र १३, २०६७

सहजिकरणः टीकाराज कार्की, रामचन्द्र पौडेल र भरत त्रिपाठी

कक्षा अवलोकन र अवस्था

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | गीता खनाल | २ | नेपाली | २ | मध्यम |
| २ | संज्ञानी थापा | ३ | अंग्रेजी | २ | राम्रो |
| ३ | पार्वती तिम्सिना | ३ | गणित | १ | मध्यम |
| ४ | चन्द्रादेवि थापा खनाल | ४ | गणित | १ | राम्रो |

सामुहिक पृष्ठपोषण

- प्रधानाध्यापक समेत ९ जना

अन्य

- पार्वती तिम्सिनाले ई -पाटी एकीकृत शिक्षण तालिम नलिएको भएपनि ई -पाटीको प्रयोग गरि कक्षा शिक्षण गरिरहेको ।

कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू

- हरेक कक्षाका लागी सामान्य टिपोटको रूपमा भएपनि नियमित पाठयोजना वनाउनु पर्ने ।
- कुनै पनि कक्षा अघिल्लो दिनको सन्दर्भवाट सुरू गरि आज छलफल गर्ने विषयवस्तुहरूको जानकारी दिएर मात्र शिक्षण सुरू गर्ने ।
- विद्यार्थीहरूलाई मनिटर, रोलनम्वर वा विद्यार्थी संख्याका आधारमा पालो पालो ई -पाटी लिने र राख्ने वानी वसाउने ।
- विद्यार्थीहरूलाई ई-पाटी एकसाथ खोल्न ष्पष्ट निर्देशन दिने र कक्षा अनुसासित वनाउने ।
- एकीकृत शिक्षणलाई थप प्रभावकारी वनाउन ई -पाठ, पाठविवरण, पाठयोजना लगायतमा यथेष्ठ तयारी गर्ने र योजनाका आधारमा शिक्षण गर्ने ।
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारण अभ्यासमा ध्यान दिने ।
- सम्भव भएसम्म शिक्षणको क्रममा शिक्षकले आफ्नो ई-पाटी प्रयोग गर्ने ।
- स्थानीय शैक्षिक सामग्री र पाठसँग सान्दर्भिक उदाहरणहरू दिएर शिक्षण गर्ने ।
- सम्पुर्ण विद्यार्थीहरूलाई प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।
- ई-पाटीमा भएका निर्देशनहरू शिक्षकले नपढी विद्यार्थीहरूलाई पालो पालो पढ्न लगाउनु उपयुक्त हुने ।
- प्रमुख रूपमा गणितको ई -पाठमा भएका एनिमेशन क्रियाकलापहरूलाई राम्ररी अवलोकन गर्न लगाइ हरेकको अर्थ ष्पष्ट पारीदिने ।
- गृहकार्य दिनुपर्ने भएमा विद्यार्थीलाई ष्पष्ट हुने गरि कालोपाटीमा लेखेर दिने ।
- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरू मूल्यांकन गर्दै सारांसमा वताउने ।
- कक्षामा ई-पाटीको प्रयोग भइसकेपछि वन्द गर्नुपुर्व ई -पाटीमा गरिएका कार्यहरूको वारेमा छोटकरीमा जानकारी दिएर मात्र वन्द गर्ने निर्देशन दिने ।
- ई-पाटी प्रयोग नभएको अवस्थामा अनिवार्य रूपमा चार्जमा राख्ने व्यवस्था मिलाउने ।

सवल पक्षहरू

- सवै शिक्षकहरू सकारात्मक र सहयोगी टीम
- विद्यार्थीहरू सवैले ई-पाटी घरमा लाने गरेका ।
- कक्षा २ मा उपयुक्त कक्षाकोठा र फर्निचर व्यवस्थापन
- कक्षा ३ र ४ का अधिकांस विद्यार्थीहरूले ई-पुस्तकालयको प्रयोग गर्ने गरेका ।

सुधार गर्नुपर्ने पक्षहरू

- कक्षा ३, ४ र ५ को कक्षाकोठाहरू अति साना भएकाले कक्षा व्यवस्थापनमा कठिनाइ भएको पाइयो ।
- शिक्षकहरू विच नियमित अनुभव आदानप्रदान हुनुपर्ने ।

## श्री विनायक वाल निम्नमाध्यमिक विद्यालय वडालगाउँ

मंसिर १४ र १५, २०६७

सहजिकरणः टीकाराज कार्की र रामचन्द्र पौडेल

कक्षा अवलोकन र अवस्था

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | मोहन गौतम | २ | गणित | १ | कमजोर |
| २ | सतिदेवि न्यौपाने | ३ | नेपाली | १ | राम्रो |
| ३ | केशव वडाल | ४ | गणित | १ | राम्रो |
| ४ | लक्ष्मी वजगाईँ | ४ र ६ | अंग्रेजी | २ | मध्यम |
| ५ | श्याम ढलकुटी | ६ | गणित | १ | राम्रो |

सामुहिक पृष्ठपोषण

- प्रधानाध्यापक समेत १२ जना

कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू

- कक्षा शिक्षण सुरू हुनु अगाडि अघिल्लो दिनको पाठको सन्दर्भवाट कक्षा सुरू गरि आज जानकारी लिने विषयवस्तुहरूको जानकारी दिने ।
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारणमा ध्यान दिने ।
- कक्षामा ई-पाटीको प्रयोग भइसकेपछि वन्द गर्नुपुर्व ई -पाटीमा गरिएका कार्यहरूको वारेमा छोटकरीमा जानकारी दिएर मात्र वन्द गर्ने निर्देशन दिने ।
- एकीकृत शिक्षणको क्रममा शिक्षकले आफ्नो ई-पाटीको प्रयोग गर्ने ।
- ई-पाटीमा भएका निर्देशनहरू शिक्षकले नपढी विद्यार्थीहरूलाई पालो पालो पढ्न लगाउनु उपयुक्त हुने ।
- स्थानीय शैक्षिक सामग्री र सान्दर्भिक उदाहरणहरू दिएर सिकाउने ।
- ई-पाटी सकेसम्म एकसाथ खोल्न लगाउने र एकीकृत शिक्षणमा समय व्यवस्थापनमा ध्यान दिने ।
- जान्ने र नजान्ने विद्यार्थीहरूलाई सगै वसाई सिकाइ वातावरण अझ सहज वनाउने ।
- एकीकृत शिक्षण पुर्व ई-पाठको पाठविवरण, पाठयोजना, हेल्पटेक्स्ट आदिको अध्ययन गर्ने ।
- पुरा विद्यार्थीहरू माझ प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।

- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरू मूल्यांकन गर्दै सारांसमा वताउने ।

<u>सवल पक्षहरू</u>

- विद्यालय प्रसाशन तथा शिक्षकहरू सकारात्मक तथा उत्साहि ।
- विद्यालयको समग्र व्यवस्थापन पक्ष राम्रो र उपयुक्त रहेको ।
- विद्यालयको वातावरण शान्त र अनुसासित विद्यार्थी ।
- कक्षा ४ र ६ का विद्यार्थी तथा शिक्षकहरूले ई-पुस्तकालयको राम्ररी प्रयोग गर्ने गरेका ।
- विद्यार्थी संख्या वढि भएपनि कक्षामा मनिटरहरू मार्फत प्रभावकारी रूपले ई -पाटी राख्ने र वितरण गर्ने गरेका ।
- ई-पाठ अपडेट गर्न शिक्षकहरू सक्षम रहेका ।

<u>सुधार गर्नु पर्ने पक्षहरू</u>

- शिक्षकहरू विच नियमित अनुभव आदानप्रदानको सुरूआत ।

अन्य

- लक्ष्मी वजगाईँले ई -पाटी एकीकृत शिक्षण तालिम नलिएको भएपनि ई -पाटीको प्रयोग गरि कक्षा शिक्षण गरिरहेको ।
- हरेक विद्यार्थीहरूलाई ई-पाटी घर लान दिने गरिएको ।

## श्री जनज्योती माध्यमिक विद्यालय, जनगाल

मंसिर १४ र १५, २०६७

सहजिकरणः सुनिल पोखरेल र शुकदेव सापकोटा

<u>कक्षा अवलोकन र अवस्था</u>

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | मन्जु थापा | २ | नेपाली | २ | कमजोर |
| २ | मन्जु श्रेष्ठ | ६ | अङ्ग्रे जी | २ | राम्रो |
| ३ | विजय लक्ष्मी | २,३ | गणित | २ | राम्रो |
| ४ | कमला श्रेष्ठ | ३ | अंग्रेजी | १ | राम्रो |

<u>सामुहिक पृष्ठपोषण</u>

- प्रधानाध्यापक समेत ८ जना

कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू

- कक्षा शिक्षण सुरू हुनु अगाडि कक्षाको उद्देश्य र प्रक्रियाको बारेमा प्रष्ट बताउने र सोही अनुसार कक्षा संचालन गर्ने
- अघिल्लो दिनको पूर्व पाठ ज्ञान आवश्यकता अनुसार पुनर्ताजगी गर्ने
- बसाई शैलीलाई संभव भएसम्म अङ्ग्रेजीको U आकारमा कक्षालाई बस्न सहयोग गर्ने
- विद्यालयमा हुने ठुलो मात्राको बिद्यार्थीको अनुपस्थितीको कारण र निदान अपनाउनु पर्ने
- ई-पाटी छिटो र व्यवस्थित तरिकाले बिद्यार्थीलाई बाड्ने तरिका अपनाउने
- ई-पाठमा भएको बिषयवस्तुको बारेमा पूर्व जानकारी हुनुपर्ने
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारणमा ध्यान दिने ।
- कक्षाका सबै बिद्यार्थीहरुलाई ई-पाठको एउटै पानामा आउन निर्देशन दिने
- ई-पाठमा के गर्न खोजिएको हो उदेश्य प्रष्ट पार्ने
- कक्षामा ई-पाटीको प्रयोग भइसकेपछि वन्द गर्नुपुर्व ई -पाटीमा गरिएका कार्यहरूको वारेमा छोटकरीमा जानकारी दिएर मात्र वन्द गर्ने निर्देशन दिने ।
- एकीकृत शिक्षणको क्रममा शिक्षकले आफ्नो ई-पाटीको प्रयोग गर्ने ।
- ई-पाटीमा भएका निर्देशनहरू शिक्षकले नपढी विद्यार्थीहरूलाई पालो पालो पढ्न लगाउनु उपयुक्त हुने ।
- कसैको ई-पाटीले कार्य नगरेमा वा कसैसँग सो नभएमा संगैको साथीको पढ्न लगाउने
- स्थानीय शैक्षिक सामग्री र सान्दर्भिक उदाहरणहरू दिएर सिकाउने ।
- ई-पाटी सकेसम्म एकसाथ खोल्न लगाउने र एकीकृत शिक्षणमा समय व्यवस्थापनमा ध्यान दिने ।
- जान्ने र नजान्ने विद्यार्थीहरूलाई सगै वसाई सिकाइ वातावरण अझ सहज वनाउने ।
- कठिन बिषयहरुलाई नाटकिय रुपमा बिद्यार्थी माझ प्रश्तुत गर्ने
- एकीकृत शिक्षण पुर्व ई-पाठको पाठविवरण, पाठयोजना, हेल्पटेक्स्ट आदिको अध्ययन गर्ने ।
- पुरा विद्यार्थीहरू माझ प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।
- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरू मूल्यांकन गर्दै सारांसमा वताउने ।

सवल पक्षहरू

- विद्यालय प्रसाशन, प्रधानाध्यापक, अभिभावक तथा शिक्षकहरू सकारात्मक तथा उत्साहि
- युवा र परिवर्तनका पक्षधर शिक्षक
- विद्यालयको समग्र व्यवस्थापन पक्ष राम्रो र उपयुक्त रहेको ।
- विद्यालयको वातावरण शान्त र अनुसासित विद्यार्थी ।
- कक्षा ४ र ६ का विद्यार्थी तथा शिक्षकहरूले ई-पुस्तकालयको राम्ररी प्रयोग गर्ने गरेका ।

- विद्यार्थी संख्या वढि भएपनि कक्षामा मनिटरहरू मार्फत प्रभावकारी रूपले ई -पाटी राख्ने र वितरण गर्ने गरेका ।
- ई-पाठ अपडेट गर्न शिक्षकहरू सक्षम रहेका ।

<u>सुधार गर्नु पर्ने पक्षहरू</u>

- शिक्षकहरू विच नियमित अनुभव आदानप्रदानको सुरूआत ।
- नियमित तालिम, छलफल गर्नु गराउनु पर्ने ।

## शैक्षिक जनशक्ति विकास केन्द्रका प्रशिक्षक र जिल्ला शिक्षा कार्यालयका फोकल पर्सनको भूमिका

- शैक्षिक जनशक्ति विकास केन्द्रको प्रशिक्षकहरू ई -पाटी एकिकृत तालिमको पनि प्रशिक्षक भएकाले कक्षा अवलोकन तथा अनुगमन टीममा समावेश गर्दा उपयोगी भएको ।
- जिल्ला शिक्षा कार्यालयमा कार्यरत OLPC का फोकल पर्सनलाई विद्यालयका कक्षा अवलोकन गर्न लगाउनु राम्रो हो । तर तिनले कक्षा अवलोकन र पृष्ठपोषणलाई कम कम महत्व दिएको र शिक्षकहरू पनि कक्षामा वढि ससंकित भएको पाइयो । अतः यीनलाई फरक समयमा अवलोकन गराउनु उचित हुने थियो ।

## यस कक्षा अवलोकन तथा अनुगमनवाट प्राप्त अनुभव तथा सुझावहरू

1. सम्वन्धित विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गरि पृष्ठपोषण दिँनु पर्दा कम मात्र सुझावहरू आएकाले व्यक्तिगत रूपमा टिपोट गर्न लगाइ सहजकर्ताले प्रस्तुत गरि छलफल गराउँने वा अन्य विकल्पवाट थप प्रभावकारी हुनसक्ने ।
2. युवा र ई -पाटी एकीकृत शिक्षणमा वढि चासो राख्ने शिक्षकलाई थप प्रेरणा दिई तुलनात्मक रूपमा कमजोर शिक्षकहरूलाई सहयोग गर्न अभिप्रेरित गर्ने ।
3. ई-पाटी विद्यार्थीहरूलाई घर लान दिने वा नदिने त्यसको व्यवस्थापन सम्वन्धित विद्यालयले नै गर्दा उपयुक्त हुने ।
4. शिक्षकहरूलाई तालिम निर्देशिका र पाठविवरणको गहन अध्ययन गरि चरणबद्ध अभ्यास तथा शिक्षण गर्न सल्लाह दिने ।
5. अधिकाँस शिक्षक तथा प्रधानाध्यापकले तालिम भन्दा विद्यालय स्तरमा चौमासिक रूपमा यस्तै हरेक शिक्षकको कक्षा अवलोकन, पृष्ठपोषण र छलफलका कार्यक्रमहरू गर्नु प्रभावकारी हुने वताए ।
6. एकिकृत शिक्षण गर्न केहि शिक्षकहरू राम्रो, अधिकांस मध्यम र कम शिक्षकहरू मात्र कमजोर रहेका

7. ई-पाटी एकीकृत शिक्षण र ई -पुस्तकालयमा अधिकांस युवा शिक्षकहरूको चासो र सक्रियता वढि भएकोले क्रमशः प्रधानाध्याकहरूलाई नयाँ रूटिन तयार गर्दा ई -पाटीका कक्षाहरूमा वढि चासो राख्ने शिक्षकहरूलाई एकीकृत शिक्षणको जिम्मेवारी दिन उत्प्रेरीत गर्नु उपयुक्त हुने ।
8. एकीकृत शिक्षणको क्रममा विद्यालय स्तरमा शिक्षकहरूको आन्तरिक मूल्याङ्कनमा प्रेरित गर्नु उपयुक्त हुने ।
9. गणित विषयका ई-पाठहरू वढी प्रभावकारी भएको र तुलनात्मक रूपमा अंग्रेजीका ई -पाठहरू कठिन भएको सम्वन्धित शिक्षकहरूले वताए ।
10. साझा शिक्षा ई -पाटीको तर्फवाट जुनसुकै टीम विद्यालय भ्रमणमा जाँदा कम्तिमा प्रधानाध्यापक र फोकलपर्सनसग भेटघाट तथा एकीकृत कक्षा शिक्षण सम्वन्धि थोरवहुत जानकारी लिनु उपयुक्त हुने ।
11. भविश्यमा एकीकृत शिक्षण तालिमको लागि शिक्षक छनौट गर्दा युवा र चासो लिनेलाई प्राथमिकता दिनुपर्ने ।
12. यी दुवै विद्यालयमा ग्रेडटिचिंग भएको र अझ नविन प्राविमा कक्षा ५ सम्ममात्र पढाइ हुने भएकाले पिरियड छुट्याउने घण्टी लगाउने नगरिएकाले ई -पाठ एकीकृत शिक्षणमा समय व्यवस्थापन र एकै शिक्षकले सवै विषय पढाउने भएकाले कक्षा ब्यवस्थापनमा केहि कठिनाइ भएको पाइयो ।
13. ई-पाठ तयार पार्दा पाठ्यपुस्तकको अभ्यास वा सिधै पाठ्यपुस्तकको आधारमा भन्दा निश्चित पाठको आधारमा तयार पारिएमा मात्र शिक्षकहरूले ई -पाटी एकीकृत शिक्षणमा प्रयोग गर्ने गरेको पाइयो । अतः निश्चित पाठको आधारमा तयार पारि हरेक पाठविवरणमा पाठ्यपुस्तकको सम्वन्धित पाठ उल्लेख गरिदिएमा एकीकृत शिक्षणमा सहजता आउने देखियो ।